# परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७

प्रस्तावना: कोभिड-१९ संक्रामक रोगबाट हुन सक्ने सम्भाव्य स्वास्थ्य जोखिमबाट सुरक्षित रही प्रदेश लोक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६२ अनुसार यो मापदण्ड बनाई लागू गरेको छ ।

१ <u>संक्षिप्त नाम र प्रारम्भ</u>: यस मापदण्डको नाम "**परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७**" रहेको छ ।

(२) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२ <u>परिभाषा</u>: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको कार्यालय सम्झनु पर्छ ।

(ग) "परीक्षा" भन्नाले प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा, प्रयोगात्मक/सीप परीक्षण, अन्तर्वार्ता, सामूहिक छलफल, प्रस्तुतीकरण लगायतका यस्तै प्रकारका कामहरु सम्झनु पर्छ ।

(घ) "जनशक्ति" भन्नाले परीक्षासँग सम्बन्धित काममा खटिने कर्मचारी तथा सो काममा खटिने अन्य व्यक्ति सम्झनु पर्छ ।

(ङ) "सचिव" भन्नाले प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको सचिव सम्झनु पर्छ । यसले निमित्त सचिवलाई समेत जनाउँछ ।

३ <u>परीक्षा सञ्चालन तथा व्यवस्थापन</u>: स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी आयोगबाट देहाय बमोजिम परीक्षा सञ्चालन गर्नु पर्नेछः

<u>(क) परीक्षा केन्द्र र जनशक्ति व्यवस्थापन</u>:

(१) सामान्यतया एकसय पचास जना परीक्षार्थीको लागि एक परीक्षा केन्द्र कायम गर्ने । सो केन्द्रको अवस्था अनुसार प्रत्येक हल/कोठामा परीक्षार्थीहरु बीच भौतिक दुरी कायम हुने गरी एक वेन्च एक परीक्षार्थी रहने गरी व्यवस्थापन गरिनेछ ।

(२) एउटै भवनमा पर्याप्त हल/कोठा भएको अवस्थामा एक भन्दा बढी परीक्षा केन्द्र राख्न सकिनेछ ।

(३) एक परीक्षा केन्द्रमा एक जना केन्द्राध्यक्ष, एक जना उपकेन्द्राध्यक्ष, एक जना समन्वयकर्ता, तीन जना सहयोगी जनशक्ति खटाइने छ । सो केन्द्रमा सामान्यतया बीस जना परीक्षार्थी बरावर एक जना सहायक केन्द्राध्यक्ष र पन्ध्र जना परीक्षार्थी बराबर एक जना निरीक्षक खटाइने छ ।

(४) परीक्षा केन्द्रमा तोकिएको जनशक्तिले अपुग भई परीक्षा सञ्चालन गर्न कठिनाइ भएमा सो को कारणसहित सचिवको स्वीकृति लिई केन्द्राध्यक्षले थप जनशक्ति परिचालन गरी परीक्षा सञ्चालन गर्न सक्नेछ ।

**(ख) केन्द्राध्यक्षले गर्नु पर्ने काम:**

(१) परीक्षामा खटिने जनशक्तिलाई यस मापदण्डको पालना गर्ने/गराउने सम्बन्धमा परीक्षा सञ्चालन पूर्व आवश्यक अभिमुखीकरण गर्ने ।

(२) परीक्षामा खटिने जनशक्तिहरुलाई स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्यरूपमा पालना गर्ने, मास्क तथा स्यानिटाइजरको प्रयोग गर्न लगाउने ।

(३) परीक्षार्थीहरुलाई अनिवार्यरूपमा मास्क लगाउन, स्यानिटाइजरको प्रयोग गर्न र भौतिक दूरी कायम गर्न लगाउने ।

(४) एउटा बेन्चमा एक जना मात्र परीक्षार्थी राख्ने । परीक्षार्थीका बीच भौतिक दूरी कायम हुने गरी सिट प्लान गर्ने ।

(५) सामान्यतया एक कोठामा एक जना सहायक केन्द्राध्यक्ष र कम्तिमा एक जना निरीक्षक रहने व्यवस्था गर्ने ।

(६) जनशक्तिको अभाव/अनुपस्थितिमा उपकेन्द्राध्यक्षले सहायक केन्द्राध्यक्षको समेत जिम्मेवारी निर्वाह गर्ने ।

(७) परीक्षा केन्द्रमा अनावश्यक भिडभाड हुन नदिने ।

(८) परीक्षा सञ्चालन गर्दा भएको फोहोरको उचित व्यवस्थापन गर्ने, गराउने ।

(९) उत्तरपुस्तिका बुझाउनु अगाडि उम्मेदवारहरुलाई उत्तरपुस्तिकाको खाली पानामा काट्न लगाउने ।

(१०) उत्तरपुस्तिका वुझिलिदा वुझाएको विवरण भर्न लगाई उम्मेदवारको हस्ताक्षर गराउने ।

(११) आकस्मिक प्रयोजनको लागि समन्वयकर्ता मार्फत प्रति परीक्षा केन्द्र ५० थान मास्क, ५०० एम.एल. स्यानिटाइजर र साबुन जस्ता अत्यावश्यक सामग्रीको व्यवस्था मिलाउने ।

(१२) प्रयोग भए नभएका सामग्रीहरुको लगत राखी प्रयोग नभएका सामग्रीहरु अनिवार्यरुपमा फिर्ता गर्ने ।

(१३) परीक्षा सुरु हुने समय भन्दा एक घण्टा अघि परीक्षार्थी प्रवेश घण्टी लगाउने ।

**(ग) परीक्षामा खटिने जनशक्तिले गर्नु पर्ने कामः**

(१) परीक्षामा खटिने जनशक्तिले भिडभाड नगरी कार्यालयबाट उपलब्ध गराइएको स्वास्थ्य सुरक्षा सामग्री मास्क र स्यानिटाइजर आदिको प्रयोग अनिवार्यरुपमा गर्ने ।

(२) परीक्षामा खटिने उपकेन्द्राध्यक्षले स्वास्थ्य सुरक्षा सम्वन्धमा सावधानी अपनाउन मास्क, स्यानिटाइजर प्रयोग गरे नगरेको निरीक्षण गरी स्वास्थ्य सुरक्षा सतर्कता अपनाउन अभिप्रेरित गर्ने ।

(३) एक आपसमा भौतीक दूरी पालना गर्ने गरी परीक्षार्थीलाई परीक्षा हल/कोठामा प्रवेश गराउने तथा आसन व्यवस्था मिलाउने ।

(४) प्रश्नपत्र खोल्दा, उत्तरपुस्तिका वितरण गर्दा, हाजिरी गराउँदा, प्रश्नपत्र वितरण गर्दा, उत्तरपुस्तिका चेकजाँच गर्दा, थप उत्तरपुस्तिका वितरण गर्दा, उत्तरपुस्तिका बुझिलिँदा उच्च सतर्कता कायम गर्ने ।

(५) सहायक केन्द्राध्यक्षले फेस सिल्ड तथा मास्क लगाइ परीक्षार्थीसँगको दूरी कायम गर्दै पहिचान एकिन गर्न परीक्षार्थीलाई मास्क समेत खोल्न लगाई उत्तरपुस्तिकामा दस्तखत गर्ने ।

(६) कागजातहरु छोइसके पश्चात् स्यानिटाइजरको प्रयोग गर्ने ।

(७) परीक्षामा खटिने जनशक्ति कम्तीमा एक घण्टा तीस मिनेट अगावै परीक्षा केन्द्रमा प्रवेश गरिसक्नु पर्ने ।

(८) खटाईएको जनशक्ति परीक्षा केन्द्रमा अनिवार्य रुपमा समयमै उपस्थित भइ परीक्षा सञ्चालनमा पूर्ण रुपमा सहयोग गर्नु पर्ने ।

**(घ) परीक्षार्थीले पालना गर्नुपर्ने विषयहरुः**

(१) नेपाल सरकार र प्रदेश सरकारले तोकेको स्वास्थ्य मापदण्ड अपनाउदै परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयम्ले मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नु पर्ने ।

(२) परीक्षार्थी परीक्षा शुरु हुने समय भन्दा एक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्ने ।

(३) उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा भौतिक दुरी कायम गर्नु पर्ने ।

(४) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।

(५) परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरीकन भौतिक दुरी कायम गरी क्रमैसंग तोकिएको स्थानमा जानुपर्ने ।

(६) परीक्षार्थीहरु समूहमा भेला भई कुराकानी गर्न नहुने ।

(७) उत्तरपुस्तिका बुझाउँदा उत्तरपुस्तिकामा रहेको खाली स्थान काटी बुझाउनु पर्ने ।

(८) परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाई हस्ताक्षर गरी बाहिर जानु पर्ने ।

(९) परीक्षार्थी आफू स्वयं सुरक्षित रही अरुलाई पनि सुरक्षित हुन सहयोग गर्ने ।

**(ङ) परीक्षा केन्द्र/विद्यालय/कलेजले स्वास्थ्य सावधानी अपनाउनुपर्ने विषयहरुः**

(१) परीक्षा केन्द्रमा परीक्षार्थीलाई हात धुनको लागि पानीको व्यवस्था गर्नु पर्ने ।

(२) परीक्षा केन्द्र र परीक्षा कोठाको प्रवेशद्वार फराकिलो हुनेगरी खोलिदिनु पर्ने ।

(३) विद्यालय/कलेजबाट परीक्षा केन्द्रमा खटाइएका जनशक्तिलाई स्वास्थ्य सुरक्षाका लागि अपनाउनुपर्ने सतर्कता सम्बन्धमा अभिमुखीकरण गरी यो मापदण्ड पालना गर्न लगाउने ।

(४) परीक्षा केन्द्रमा सरसफाइको व्यवस्था गर्नु पर्ने ।

४. **सुरक्षा सामग्री उपलब्ध गराउनु पर्नेः** परीक्षा सञ्चालनको लागि परीक्षामा खटिने जनशक्तिलाई आवश्यक पर्ने सुरक्षा सामग्रीहरु मास्क, सेनिटाइजर र साबुन आदी आयोगले उपलब्ध गराउनु पर्नेछ ।

५. **अनुगमन तथा निरीक्षणः** (१) यस मापदण्डको पालना भए नभएको सम्बन्धमा आयोगका पदाधिकारी, सचिव तथा सुपरीवेक्षकले अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

६. **थप व्यवस्था गर्न सक्नेः** यस मापदण्डको विपरीत नहुने गरी आयोगका सचिवले परीक्षा सञ्चालन तथा व्यवस्थापनका सम्वन्धमा आवश्यकता अनुसार थप व्यवस्था गर्न सक्नेछन् ।

७. **विविधः** (१) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले नेपाल सरकार र प्रदेश सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेको हुनु पर्नेछ ।

(२) आयोगबाट सञ्चालन हुने प्रयोगात्मक/सीप परीक्षण सम्बन्धी परीक्षा, अन्तर्वार्ता, सामूहिक छलफल, प्रस्तुतीकरण लगायतका कार्य सञ्चालन गर्दा समेत स्वास्थ्य सुरक्षासँग सम्बन्धित विषयमा यस मापदण्डको पालना गर्नुपर्नेछ ।

(३) यस मापदण्डमा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. **मापदंण्डको पालना गर्नुपर्नेः** (१) नेपाल सरकार र प्रदेश सरकारद्वारा कोभिड–१९ संक्रमण सम्बन्धी जारी जनस्वास्थ्य मापदण्ड तथा यस मापदण्डको पालना गर्नु परीक्षामा खटिने जनशक्ति, परीक्षा केन्द्र रहेको विद्यालय/कलेज, परीक्षार्थी तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) परीक्षा संचालनको क्रममा संक्रामक रोग नियन्त्रण तथा रोकथामसँग सम्बन्धित नेपाल सरकार र प्रदेश सरकारवाट जारी गरिएका सबै कानून तथा मापदण्डहरु पालना गर्नु पर्नेछ ।

आयोगको निर्णय मिति : २०७७/०८/२२